नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार ४ गते २०३६ साल

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति २०३६।२।४ को निर्णयानुसार श्री रामचरण प्रधानाङ्गलाई जिल्ला पञ्चायत सचिवालय, काठमाडौंको पञ्चायत तथा विकास अधिकारीको पदबाट स्थानीय विकास विभागको मध्यमाञ्चल क्षेत्रीय कार्यालयको निर्देशक पदमा सरुवा गरेको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला कार्यालय, नुवाकोटका प्रमुख जिल्ला अधिकारी श्री योगेन्द्रनाथ ओझा घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्रमुख जिल्ला अधिकारीको पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला पञ्चायत सचिवालय, नुवाकोटको पञ्चायत तथा विकास अधिकारी श्री देवेन्द्रभक्त श्रेष्ठलाई मिति २०३६।१।३१ देखि का. मु. मुकरर गरिएको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।